# भर्मोन्ट राज्य

| | |
|---|---|
| **सुपेरियर कोर्ट** | **सिभिल डिभिजन (देवानी महाशाखा)** |
| **एकाइ** | **डकेट नं.** |

| **वादी** | **जन्म मिति** | **प्रतिवादी** | **जन्म मिति** |
|---|---|---|---|
| | | | |

## उजुरी अघि बढाउने वा फिर्ता लिने मनसाय
### यौनजन्य आक्रमण
### 12 V.S.A. §5133 बमोजिम

**उपयुक्त बक्सामा चिन्ह लगाउनुहोस्**

☐ मैले आपत्कालीन राहतका लागि गरेको अनुरोध अस्वीकार गरिएको छ भन्ने कुरा बुझेको छु । म यसैद्वारा यौनजन्य आक्रमणका सम्बन्धमा 12 V.S.A. §5133 बमोजिम माग गरिएको अन्तिम आदेशका लागि आफ्नो अनुरोध फिर्ता लिन्छु ।

**वा**

☐ आपत्कालीन राहतका लागि गरिएको मेरो अनुरोध अस्वीकार गरिएको भए तापनि म 12 V.S.A. §5133 बमोजिम यौनजन्य आक्रमणको विरुद्धमा मैले गरेको अनुरोध अघि बढाउन चाहन्छु । म सुनुवाइ तय गरियोस् भन्ने अनुरोध गर्दछु ।

वादीको हस्ताक्षर ______________________________ मिति ____________________

## महत्त्वपूर्ण सूचनाहरू
### सुरक्षा आदेशका सम्बन्धमा गरिएको उजुरी अघि बढाउने वा फिर्ता लिने मनसाय
### यौनजन्य आक्रमणका विरुद्ध

### वादीका लागि महत्त्वपूर्ण जानकारी
**अस्वीकार आदेश जारी गरिएको दिनबाट बिदा बाहेकका पाँच (5) दिनभित्र सुनुवाइका लागि कुनै अनुरोध दायर नगरिएको खण्डमा अन्तिम आदेशका लागि गरिएको अनुरोध फिर्ता लिइएको ठहर गरिनेछ ।**

### अटर्नी राख्ने सम्बन्धमा
### वादी र प्रतिवादीका लागि जानकारी
**तपाईंले कुनै पनि सुनुवाइमा आफ्नो प्रतिनिधित्व आफैँ गर्न पाउनुहुन्छ तर तपाईंले अटर्नीसँग परामर्श लिन वा आफ्नो तर्फबाट अटर्नीलाई प्रतिनिधित्व गर्न लगाउन सक्नुहुन्छ । यदि तपाईंले आफ्नो प्रतिनिधित्व गर्नका लागि अटर्नी राख्नुभयो भने तपाईंको अटर्नीले अदालत र अर्को पक्षलाई आफूले तपाईंको प्रतिनिधित्व गर्न लागेको कुरा बताउनुपर्ने हुन्छ । कुनै पनि सुनुवाइ हुनुअघि दुवै पक्षसँग अर्को पक्षले अटर्नी राख्दै छन् भन्ने कुराको "सूचना" प्राप्त गर्ने अधिकार हुन्छ । भर्मोन्टको देवानी कार्यविधि नियमावलीबमोजिम त्यस्तो सूचना विपक्षी वा विपक्षीको अटर्नीलाई भेटेर, फोन गरेर वा लिखित रूपमा दिनुपर्ने हुन्छ । साथै, विपक्षीले पनि अटर्नी राख्न सकून् भनेर उक्त सूचना अनिवार्य रूपमा पर्याप्त समयअघि नै अग्रिम रूपमा दिनुपर्ने हुन्छ । यदि तपाईंले विपक्षीलाई त्यस्तो सूचना दिनुभएन र अटर्नी नभएको पक्षले अनुरोध गरेको खण्डमा प्रतिनिधित्व नभएको पक्षले अटर्नी राख्नका निम्ति पर्याप्त समय प्राप्त गर्ने गरी अदालतले सुनुवाइको समय सार्नेछ ।**

### प्रतिवादीका लागि महत्त्वपूर्ण जानकारी
**अदालतले यो सूचनामा तोकिएको मिति र समयमा हुने सुनुवाइमा अन्तिम आदेश दिने कि नदिने भन्ने कुराको निर्णय लिनेछ । सुनुवाइपछि आदेश जारी गरिन सक्छ । उक्त आदेश सो आदेशमै तोकिएको निश्चित समयावधिसम्म लागू हुनेछ । यदि तपाईं सुनुवाइमा उपस्थित हुनुभएन भने अदालतले उचित ठानेको खण्डमा वादीले राहतका लागि गरेको अनुरोधका पक्षमा अर्थात् तपाईंको विरुद्धमा आदेश जारी गरिन सक्छ ।**

# कागजात प्राप्त गरिएको स्वीकारोक्ति

## भर्मोन्ट राज्य

**सुपेरियर कोर्ट** | **सिभिल डिभिजन (देवानी महाशाखा)**
**एकाइ** | **डकेट नं.**

मैले आफैँले भेटेर निम्न कागजात उपलब्ध गराएको छु: (लागू हुने सबैमा चिन्ह लगाउनुहोस्)

- ☐ उजुरी, शपथपत्र र अस्थायी आदेश
- ☐ अस्थायी आदेश
- ☐ अन्तिम आदेश
- ☐ अदालतको सेवासम्बन्धी जानकारीमूलक सामग्री
- ☐ संशोधन/परिमार्जन गरिएको अस्थायी आदेश
- ☐ संशोधन/परिमार्जन गरिएको अन्तिम आदेश
- ☐ आदेश परिमार्जन गर्न/म्याद थप्न/रद्द गर्न दिइएको आदेश
- ☐ म्याद थपिएको अन्तिम आदेश
- ☐ म्याद थपिएको अस्थायी आदेश
- ☐ आपत्कालीन राहतको अस्वीकृति अघि बढाउने मनसाय सुनुवाइको सूचना

प्रापक ______________________ प्रेषक: ______________________

मिति: ____________ समय: ________ ☐ पूर्वान्ह ☐ अपरान्ह स्थान: ______________________

| मिति | कर्मचारीको नाम, पद र एजेन्सी | कर्मचारीको हस्ताक्षर |
|---|---|---|
| | | |

**प्राप्तिको स्वीकारोक्ति**

म यसैद्वारा यो आदेशको कागजात प्राप्त गरेको स्वीकार गर्छु ।

| **शुल्कहरू** | | मिति | हस्ताक्षर |
|---|---|---|---|
| सेवा शुल्क | | | |
| ______ माइल **X** $0. ___ प्रति माइल | | (कृपया नाम टाइप गर्नुहोस् वा स्पष्ट अक्षरमा लेख्नुहोस्) | |
| जम्मा | | | |